# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) वीरेन्द्रनगर, सुर्खेत, साउन १४ गते, २०८३ साल (संख्या ६


## भाग-२

### कर्णाली प्रदेश सरकार

### भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सूचना

## कर्णाली प्रदेश बिउ बिजन नियमावली, २०८३

कर्णाली प्रदेश बिउ बिजन ऐन, २०८१ को दफा २५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "कर्णाली प्रदेश बिउ बिजन नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले कर्णाली प्रदेश बिउ बिजन ऐन, २०८१ सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले ऐनको दफा ७ बमोजिमको बिउ बिजन परीक्षण तथा गुणस्तर नियमन केन्द्र सम्झनु पर्छ।

(ग) "प्रयोगशाला" भन्नाले ऐनको दफा ९ बमोजिमको बिउ बिजन परीक्षण प्रयोगशाला सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

३. **<u>बिउ बिजन परीक्षण तथा गुणस्तर नियमन केन्द्रको काम, कर्तव्य र अधिकारः</u>** ऐनको दफा ८ मा उल्लिखित केन्द्रको काम, कर्तव्य र अधिकारका अतिरिक्त केन्द्र वा सो सम्बन्धी काम गर्न तोकिएको निकायको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बिउ बिजन गुणस्तर नियन्त्रण तथा प्रमाणीकरण सम्बन्धी आवश्यक कार्यविधि तथा मापदण्डका बिषयमा मस्यौदा तयार गरी समिति समक्ष पेस गर्ने

(ख) औपचारिक वा अनौपचारिक प्रणालीबाट उत्पादन तथा आपूर्ती हुने बिउ बिजनको गुणस्तर निर्धारण, नियमन तथा अभिलेख सम्बन्धी कार्य गर्ने,

(ग) बिउ बिजन परीक्षण तथा प्रमाणीकरण गर्ने, गराउने,

(घ) बिउ बिजनको गुणस्तर नियमनका लागि बजारको अनुगमन गर्ने,

(ङ) स्थानीय तथा निजी स्तरमा स्थापना हुने बिउ बिजन परीक्षण प्रयोगशालालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बिउ बिजनको परीक्षण र सो सम्बन्धी कार्य गर्न

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

सहजीकरण गर्ने तथा प्रयोगशालामा कार्यरत प्राविधिकको क्षमता अभिवृद्धिको कार्य गर्ने,

(च) प्रयोगशालाको सुपरीवेक्षण तथा अनुगमन गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने,

(छ) बिउ बिजनको गुणस्तर नियमनका लागि स्थानीय बिउ बिजन व्यवस्थापन समितिसँग समन्वय गर्ने।

४. <u>**बिउ बिजन परीक्षण प्रयोगशाला वा सो सम्बन्धी कार्य गर्ने निकायको काम, कर्तव्य र अधिकारः**</u> बिउ बिजन परीक्षण प्रयोगशाला वा सो सम्बन्धी कार्य गर्ने निकायको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई बिउ बिजनको परीक्षण गरी परीक्षणको नतिजा समितिले तोकेको ढाँचामा सम्बन्धित पक्षलाई उपलब्ध गराउने,

(ख) समितिबाट स्वीकृत मापदण्डका आधारमा बिउ बिजन परीक्षण सम्बन्धी कार्य गर्ने,

(ग) बिउ बिजनको नमुनाको विश्लेषण प्रतिवेदन अद्यावधिक राख्ने,

(घ) समितिको निर्णय अनुसार जातीय शुद्धता परीक्षण सम्बन्धी कार्य गर्ने गराउने,

(ङ) बिउ बिजन परीक्षण प्रयोगशालाको कार्यमा एकरूपता कायम गर्न प्रयोगशालामा मध्यस्थ नमुना (प्रोफिसियन्सी नमुना) सुरक्षित राख्ने,

(च) परीक्षणका लागि प्राप्त नमुनाको गार्ड स्याम्पल परीक्षण पश्चात कम्तीमा एक वर्षसम्म बिउ बिजनको

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

गुणस्तरमा असर नपर्ने गरी सुरक्षित रूपमा भण्डारण गर्ने,

(छ) बिउ बिजन परीक्षण सम्बन्धमा समिति र राष्ट्रिय बिउ बिजन समिति मार्फत प्राप्त निर्णय, सुझाव तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ज) कर्णाली प्रदेशमा उत्पादन भएका बिउ बिजनको प्रदेश बाहिर निकासी गर्नुपर्ने अवस्थामा आवश्यक परीक्षण गर्ने र प्रतिवेदन उपलब्ध गराउने,

(झ) आन्तरिक प्राविधिक परीक्षण (इन्टरनल टेक्निकल अडिट) गर्ने,

(ञ) कर्णाली प्रदेशको सन्दर्भ (रिफरेन्स) प्रयोगशालाको रूपमा कार्य गर्ने,

(ट) खण्ड (ञ) बमोजिमको सन्दर्भ (रिफरेन्स) प्रयोगशाला बाहेक अन्य प्रयोगशालाले गरेको बिउ बिजन परीक्षणको गुणस्तर निरीक्षण गरी आवश्यक प्रतिवेदन प्रदेश बिउ बिजन समिति समक्ष पेस गर्ने,

(ठ) प्रदेशमा उत्पादित स्थानीय तथा रैथाने वालिको जातको संरक्षण सम्वर्धनका लागि संकलन गरी प्रयोगशाला मार्फत राष्ट्रिय कृषि अनुवंशिक स्रोत केन्द्र (जिन बैङ्क) मा पठाउने कार्य गर्ने,

(ड) प्रदेशमा आवश्यक पर्ने बिल वासलात तयारी सोही अनुसारको बिउ ब्यवस्थापनमा सहजीकरण गर्ने।

५. **निजी क्षेत्रमा बिउ बिजन परीक्षण प्रयोगशाला स्थापनाको अनुमति सम्बन्धमाः** (१) ऐनको दफा १० को उपदफा (१) बमोजिम निजी क्षेत्रले बिउ बिजन परीक्षण प्रयोगशाला स्थापना र सञ्चालन गर्नको लागि दुई

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

हजार रुपैयाँ दस्तुरसहित अनुसूची-१ को ढाँचामा समिति वा केन्द्रसमक्ष निवेदन दिनु पर्नेछ।

(२) ऐनको दफा १० को उपदफा (२) बमोजिम प्राप्त अनुमतिपत्रको म्याद एक बर्ष हुनेछ।

(३) समितिले निजी क्षेत्रलाई निजी बिउ बिजन परीक्षण प्रयोगशाला स्थापना र सञ्चालन गर्नको लागि दिइने अनुमतिपत्रको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ।

(४) उपनियम (२) बमोजिमको म्याद समाप्त हुनुभन्दा पन्ध्र दिन अगावै नवीकरणको लागि एक हजार रुपैयाँ दस्तुरसहित अनुसूची-३ को ढाँचामा समितिसमक्ष निवेदन दिनु पर्नेछ।

(५) उपनियम (२) बमोजिमको निवेदन प्राप्त भए पश्चात आवश्यक प्राविधिक विश्लेषण गरी समितिले पन्ध्र दिन भित्र अनुमति पत्रको नविकरण गर्नुपर्नेछ र उक्त अनुमति पत्रको म्याद एक वर्ष कायम रहनेछ।

६. **निजी क्षेत्रले प्रयोगशाला स्थापना गर्न पालना गर्नुपर्ने शर्तहरुः** निजीस्तरमा प्रयोगशाला स्थापना गर्न देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछः-

**(क) न्यूनतम भौतिक पूर्वाधार**

(१) प्रयोगशालामा छुट्टै नमूना तयारी कक्ष, परीक्षण कक्ष, भण्डारण कक्ष र अभिलेख कक्ष हुनु पर्नेछ।

(२) प्रयोगशाला सुरक्षित, स्वच्छ र जैविक जोखिम विश्लेषण न्यूनीकरण मापदण्ड अनुरूप हुनु पर्नेछ।

**(ख) उपकरण तथा प्रविधि**

(१) बिउ शुद्धता, अंकुरण क्षमता, चिस्यान र रोग परीक्षण गर्न आवश्यक उपकरण हुनु पर्नेछ।

(२) उपकरणको नियमित क्यालिब्रेसन गरेको हुनु पर्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

**(ग) प्राविधिक जनशक्ति**

(१) कम्तीमा एक जना कृषि विज्ञान विषयमा स्नातक तह उत्तिर्ण जनशक्ति हुनु पर्नेछ।

(२) प्रयोगशालामा कार्यरत जनशक्ति सम्बन्धी विवरण अभिलेख राख्नु पर्नेछ ।

**(घ) गुणस्तर आश्वासन प्रणाली**

(१) प्रयोगशालाले आन्तरिक गुणस्तर नियन्त्रण प्रणाली लागु गर्नु पर्नेछ।

(२) समितिको स्वीकृति प्राप्त गरेको हुनु पर्नेछ।

(३) प्रदेशको एकीकृत कृषि प्रयोगशालाको अनुगमन र निगरानीमा रहि प्रत्येक आर्थिक वर्षको श्रावण महिनाभित्र प्राविधिक परीक्षण गर्नु पर्नेछ।

**(ङ) निरीक्षण र अनुगमन**

(१) समिति र केन्द्रले प्रयोगशालाको नियमित तथा आकस्मिक निरीक्षण गर्नेछ।

(२) मापदण्ड विपरीत कार्य गरेमा अनुमति निलम्बन वा खारेज गर्न सकिनेछ।

७. **<u>निजी क्षेत्रमा स्थापित बिउ बिजन परीक्षण प्रयोगशालाको काम, कर्तव्य र अधिकारः</u>** ऐनको दफा १० को उपदफा (६) बमोजिम स्थापना भएका निजी क्षेत्रमा स्थापित बिउ बिजन परीक्षण प्रयोगशालाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रदेश सरकारले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई बिउ बिजनको परीक्षण गरी परीक्षणको नतिजा समितिले तोकेको ढाँचामा नै सम्बन्धित पक्षलाई उपलब्ध गराउने,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(ख) समितिबाट स्वीकृत मापदण्डका आधारमा बिउ बिजन परीक्षण सम्बन्धी कार्य गर्ने,

(ग) बिउ बिजनको नमुनाको विश्लेषण प्रतिवेदन अद्यावधिक राख्ने,

(घ) समितिको निर्णय अनुसार जातीय शुद्धता परीक्षण सम्बन्धी कार्य गर्ने गराउने,

(ङ) बिउ बिजन परीक्षण प्रयोगशालाको कार्यमा एकरूपता कायम गर्न प्रयोगशालामा मध्यस्थ नमुना (प्रोफिसियन्सी नमुना) सुरक्षित राख्ने,

(च) परीक्षणका लागि प्राप्त नमुनाको गार्ड स्याम्पल परीक्षण पश्चात कम्तीमा एक वर्षसम्म बिउ बिजनको गुणस्तरमा असर नपर्ने गरी सुरक्षित रूपमा भण्डारण गर्ने,

(छ) बिउ बिजन परीक्षण सम्बन्धमा समिति र राष्ट्रिय बिउ बिजन समिति मार्फत प्राप्त निर्णय, सुझाव तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ज) कर्णाली प्रदेशमा उत्पादन भएका बिउ बिजनको प्रदेश बाहिर निकासी गर्नुपर्ने अवस्थामा आवश्यक परीक्षण गर्ने र प्रतिवेदन उपलब्ध गराउने,

(झ) आन्तरिक प्राविधिक परीक्षण (इन्टरनल टेक्निकल अडिट) गर्ने।

८. **<u>सामुदायिक बिउ बिजन बैंक स्थापना, दर्ता र सञ्चालन सम्बन्धी अन्य व्यवस्थाः</u>** (१) ऐनको दफा ११ को उपदफा (४) बमोजिम सामुदायिक बिउ बिजन बैंक स्थापना, दर्ता र सञ्चालन सम्बन्धी अन्य व्यवस्था देहायबमोजिम हुनेछः-

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(क) सामुदायिक बिउ बिजन बैंक स्थापना प्रचलित कानुन बमोजिम हुनेछ।

(ख) जिल्लास्थित कृषि हेर्ने कार्यालयमा दर्ता तथा नवीकरण गर्नु पर्नेछ।

(ग) उत्पादन र विक्रिवितरणको समितिबाट अनुमतिपत्र लिनु पर्नेछ।

(घ) सञ्चालन व्यवस्थापन निर्धारण गरेको मापदण्ड बमोजिम गर्नु पर्नेछ।

(२) सामुदायिक बिउ बैंकको सञ्चालनका शर्त र व्यवस्थापन देहायबमोजिम हुनेछ।

(क) स्थानीय तथा उन्नत बिउ बिजनको बिउ उत्पादन, संकलन, संरक्षण, गुणस्तर परीक्षण र भण्डारण गरी किसान बीच बिउ बितरण गर्ने ।

(ख) सामुदायिक बिउ बैंकले बिउ बिजनको गुणस्तर कायम गर्न प्रचलित बिउ बिजन मापदण्ड पालना गर्नु पर्नेछ ।

(ग) बिउ वितरण गर्दा मूल्य, शर्त र अभिलेख पारदर्शी रूपमा राख्नु पर्नेछ ।

(घ) सामुदायिक बिउ बैंकको आम्दानी पुनः बिउ संरक्षण, उत्पादन तथा समुदायको हितमा प्रयोग गर्नु पर्नेछ ।

(ङ) वार्षिक प्रगति विवरण र लेखा परीक्षण प्रतिवेदन जिल्लाको कृषि सम्बन्धी काम गर्ने निकायमा पेस गर्नु पर्नेछ।

(च) सामुदायिक बिउ बैंक सञ्चालनका लागि कार्यविधि बनाई सञ्चालन गर्नु पर्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(छ) सम्बन्धित प्रदेश/स्थानीय तहले सामुदायिक बिउ बिजन बैंकको नियमित अनुगमन गर्नेछ।

(ज) अनुमति, दर्ता, नवीकरण तथा परीक्षण शुल्क मन्त्रालयले तोके बमोजिम हुनेछ।

(झ) नियम उल्लङ्घन भएमा चेतावनी, सुधार आदेश वा अनुमतिपत्र खारेज केन्द्रको सिफारिसमा समितिले गर्न सक्नेछ।

९. **सामुदायिक बिउ बिजन बैंक सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्थाः** ऐनको दफा ११ को उपदफा (४) बमोजिम सामुदायिक बिउ बिजन बैंक सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः-

(क) स्थानीय तथा उन्नत बिउ बिजनको उत्पादन, संकलन, संरक्षण, गुणस्तर परीक्षण र भण्डारण गरी किसानलाई बितरण गर्ने,

(ख) सामुदायिक बिउ बैंकले बिउ बिजनको गुणस्तर कायम गर्न प्रचलित बिउ बिजन मापदण्ड पालना गर्नुपर्नेछ,

(ग) बिउ वितरण गर्दा मूल्य, शर्त र अभिलेख पारदर्शी रूपमा राख्नु पर्नेछ,

(घ) सामुदायिक बिउ बैंकको आम्दानी पुनः बिउ संरक्षण, उत्पादन तथा समुदायको हितमा प्रयोग गर्नु पर्नेछ,

(ङ) वार्षिक प्रगति विवरण र लेखा परीक्षण प्रतिवेदन जिल्लाको कृषि सम्बन्धी काम गर्ने निकायमा पेश गर्नु पर्नेछ,

(च) सामुदायिक बिउ बैंक सञ्चालनका लागि कम्तीमा ५ देखि ९ सदस्यीय व्यवस्थापन समिति रहनेछ,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, कर्णाली प्रदेश

(छ) समितिको कार्यकाल र जिम्मेवारी विधान अनुसार हुनेछ,

(ज) सम्बन्धित प्रदेश/स्थानीय तहले सामुदायिक बिउ बिजन बैंकको नियमित अनुगमन गर्नेछ,

(झ) अनुमति, दर्ता, नवीकरण तथा परीक्षण शुल्क मन्त्रालयले तोके बमोजिम हुनेछ,

(ञ) नियम उल्लङ्घन भएमा चेतावनी, सुधार आदेश वा दर्ता खारेज गर्न सकिनेछ।

१०. **<u>बिउ बिजन बिक्री वितरण अनुमतिपत्रः</u>** (१) ऐनको दफा १४ को उपदफा (१) बमोजिम बिउ बिजनको बिक्रि वितरण सम्बन्धी कारोबार गर्न चाहाने व्यक्ति वा संस्थाले अनुमतिपत्र लिनको लागि केन्द्रले सञ्चालन गर्ने तालिममा सहभागि भइ राष्ट्रिय बिउ बिजन समितिबाट लिइने परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।

तर यो नियमावली जारी हुनु भन्दा अगाडि तालिम लिई परीक्ष उत्तीर्ण गरेका व्यक्ति वा संस्थालाई अनुमतिपत्र दिन बाँधा पर्ने छैन।

(२) उपनियम (१) बमोजिमको परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अनुमतिपत्रका लागि पाँच सय रुपैयाँ दस्तुर सहित अनुसूची-४ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको निवेदन प्राप्त भएमा कार्यालयले अनुसूची-५ बमोजिमको ढाँचामा अनुमतिपत्र दिई सोको जानकारी समितिमा पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम दिइएको अनुमतिपत्रको अवधि एक वर्षको हुनेछ।

११. **<u>बिउ बिजन अनुमतिपत्र नवीकरणः</u>** (१) नियम १० को उपनियम (४) बमोजिमको अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा पन्ध्र दिन अगावै

दुई सय रुपैयाँ दस्तुर बुझाई कार्यालयबाट अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

(२) उपनियम (१) वमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरण गराउन नसकेको मनासिव कारण सहित अनुमतिपत्र नवीकरणको लागि नब्बे दिनभित्र निवेदन दिएमा कार्यालयले चार सय रुपैयाँ दस्तुर लिई त्यस्तो अनुमतिपत्र नवीकरण गरी दिन सक्नेछ।

१२. **<u>बिउ बिजन अनुमतिपत्रको खारेजीः</u>** (१) देहायको अवस्थामा बिउ बिजन विक्री वितरणको अनुमतिपत्र खारेजी हुनेछः-

(क) ऐनको दफा २३ बमोजिम कृषकलाई उपलब्ध गराउनु पर्ने क्षतिपूर्ति उपलब्ध नगराएमा,

(ख) नियम ११ बमोजिम अनुमतिपत्र नवीकरण नगराएमा, वा

(ग) बिउ बिजनको गुणस्तर नियन्त्रण सम्बन्धमा समितिबाट तयार गरिएको मापदण्ड पालना गरेको नपाइएमा।

(२) उपनियम (१) बमोजिमको अवस्था परी बिउ बिजन विक्री वितरणको अनुमतिपत्र खारेज गर्नु पर्ने अवस्था देखिएमा कार्यालयले जाँचबुझ गरी आफ्नो राय सहितको प्रतिवेदन तयार गरी समितिमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदनबाट वा समितिले जाँचबुझ गरेकोमा सोबाट अनुमतिपत्र खारेज गर्नु पर्ने देखिएमा समितिले सम्बन्धित व्यक्ति वा संस्थालाई आफ्नो सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम पेश गरेको सफाई चित्त बुझ्दो नदेखिएमा वा सो अविधिभित्र पनि उपनियम (१) को खण्ड (क)

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

बमोजिमको क्षतिपूर्ति उपलब्ध नगराएको भएमा समितिले त्यस्तो संस्थाको बिउ बिजनको बिक्री वितरण अनुमतिपत्र खारेज गर्न सम्बन्धित कार्यालयलाई निर्देशन दिन सक्नेछ।

१३. **<u>बिउ बिजन राखेको भाँडोमा सङ्केतपत्रः</u>** सूचित वा पञ्जीकृत बिउ बिजनको बिक्री वितरण गर्ने व्यक्ति वा संस्थाले आफूले विक्री वितरण गर्ने बिउ बिजनको भाँडोमा ऐनको दफा १७ मा उल्लिखित विवरणको अतिरिक्त देहायबमोजिमको विवरण राख्नु पर्नेछः-

(क) उत्पादन वर्ष,

(ख) बिउ बिजनको परीक्षणको मिति,

(ग) लट नं..

(घ) बिउ बिजन उपयुक्त हुने क्षेत्र,

(ङ) बिउ बिजनको तौल,

(च) बिउ बिजन विक्री वितरण गर्ने व्यक्ति वा संस्थाको नाम र लोगो,

(छ) वाली विशेष अनुसार समितिले निर्धारण गरेका अन्य विवरण।

१४. **<u>बिउ बिजन निरीक्षकको काम, कर्तव्य अधिकारसम्बन्धी व्यवस्थाः</u>** ऐनको दफा १९ को उपदफा (२) बमोजिम प्रदेश सरकारबाट नियुक्त भएको वा तोकिएको बिउ बिजन निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बिउ बिजनको गुणस्तर नियन्त्रण सम्बन्धी कार्य गर्ने,

(ख) बिउ बालीको खेत तथा बिउ सङ्कलन प्रक्रियाको निरीक्षण गरी प्रतिवेदन तयार गर्ने,

(ग) बिउ बिजन बजार अनुगमन गर्ने,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(घ) ऐन तथा यस नियमावली उल्लङ्घन हुने गरी कसैले काम गरेको देखेमा कारबाही गर्ने,

(ङ) बिउ बजार अनुगमनको क्रममा बिउ बिजनको नमूना लिई प्रयोगशालामा परीक्षण गर्न पठाउने,

(च) बिउ बिजन उत्पादनको प्राविधिक परीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित निकायमा उपलब्ध गराउने,

(छ) माउ बोट, उन्नत बोट तथा प्रसारण सामग्री उत्पादन गर्ने नर्सरी निरीक्षण गर्ने ।

**१५. <u>बिउ बिजन निरीक्षक तथा विश्लेषकको कार्यक्षेत्र र सुविधा सम्बन्धी व्यवस्थाः</u>** बिउ बिजन निरीक्षक तथा विश्लेषकको कार्यक्षेत्र र सुविधा प्रचलित कानून अनुसार सम्बन्धित उत्पादकले बेहोर्नु पर्नेछ।

**१६. <u>बिउ बिजन जफत हुनेः</u>** (१) ऐनको दफा २० को उपदफा (२) बमोजिम बिउ बिजन जफत गर्दा बिउ बिजन निरीक्षकले त्यस्तो ठाउँमा तत्काल उपलब्ध कम्तीमा दुई जना स्थानीय व्यक्ति तथा स्थानीय तहको कृषि प्राविधिक कर्मचारी (उपलब्ध नभए अन्य सरकारी कार्यालयका एक जना कर्मचारी) र सूचना दिने व्यक्तिलाई समेत रोहबरमा राखी अनुसूची-६ बमोजिम मुचुल्का तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सरोकारवालाको उपस्थिति हुन नसकेको अवस्थामा सोही बेहोरा उल्लेख गरी मुचुल्का गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम जफत गरिएको बिउ बिजनको परिमाण र विवरण निरीक्षकले अनुसूची-७ बमोजिमको ढाँचामा सूचना टाँस गरी सोको जानकारी मन्त्रालय र समितिलाई दिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम जफत गरिएको बिउ बिजनलाई निरीक्षकले अनुसूची-८ बमोजिमको ढाँचामा भरपाई गरी सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(५) बिउ बिजन जफत सम्बन्धी कार्यलाई व्यवस्थित गर्न समितिले मापदण्ड तयार गरी कार्यान्वयन गर्न सक्नेछ।

१७. **अनुसूची हेरफेरः** मन्त्रालयले समितिको सिफारिसमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची हेरफेर गर्न सक्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

## अनुसूची-१

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

### निजी बिउ बिजन परीक्षण प्रयोगशाला स्थापना सञ्चालनको लागि दिईने निवेदनको ढाँचा

श्री प्रदेश बिउ बिजन समितिको सचिवालय,

विषयः अनुमतिपत्र पाऊँ।

मेरो/हाम्रो निम्न विवरण भएको ले बिउ बिजन ऐन, २०४५, बिउ बिजन नियमावली, २०८१ कर्णाली प्रदेश बिउ बिजन ऐन, २०८१ र कर्णाली प्रदेश बिउ बिजन नियमावली २०८३ को परिधिभित्र रही बिउ बिजन परीक्षण प्रयोगशाला स्थापना सञ्चालनको गर्न इच्छुक भएकोले निम्न अनुसारको कागजात तथा विवरण समेत संलग्न राखी कर्णाली प्रदेश बिउ बिजन ऐन, २०८१ को दफा १० को उपदफा (२) बमोजिम अनुमतिपत्र लागि यो निवेदन पेस गरिएको छ।

१. निवेदकको विवरणः

नाम, थरः

ठेगानाः

फोन नम्बरः

इमेलः

२. संस्थाको प्रकारः (√ चिन्ह लगाउनुहोस्)

समूह ☐ सहकारी ☐ कम्पनी/निजी फर्म ☐

३. व्यवसायको प्रकार: (√ चिन्ह लगाउनुहोस्)

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

व्यक्तिगत ☐ निजी साझेदारी ☐ बहुराष्ट्रिय ☐

४. प्रयोगशाला रहेको स्थानः

वडाः......स्थानीय तहः............जिल्लाः............प्रदेशः............

यदि एक भन्दा बढी स्थानमा रहेमा विवरण पेश गर्नुहोस्।

वडाः......स्थानीय तहः............जिल्लाः............प्रदेशः............

वडाः......स्थानीय तहः............जिल्लाः............प्रदेशः............

५. यदि प्रयोगशाला भवन भाडामा भए करार सम्झौताको प्रतिलिपि संलग्न गर्नुहोस्।

६. नीजि प्रयोगशाला अनुमतिपत्रका लागि आवेदकले निवेदन साथ पेश गर्ने अन्य आधारभूत विवरणहरूः

| क्र.स. | विवरणहरु | भए/ नभएको | कैफियत |
|---|---|---|---|
| १ | संस्था दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर | √ | |
| २ | प्रयोगशाला संचालनको लागी पर्याप्त पूर्वाधार | √ | |
| ३ | बिउ परीक्षणका (बिउ शुद्धता, अंकुरण क्षमता, चिस्यान र रोग परीक्षण) उपकरणहरू | √ | |
| ४ | प्राविधिक जनशक्ति (एक जना कृषि विज्ञान विषयमा स्नातक उतीर्ण बिउ प्रविधि विज्ञ) | √ | |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

दस्तखतः

नाम, थर

ठेगानाः

टेलिफोन/मोबाइल नम्बरः

मितिः

११. निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरू

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(घ) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) पासपोर्ट साइजको दुई प्रति रङ्गिन फोटो,

(च) प्रयोगशालाको दुई प्रति रङ्गिन फोटो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

अनुसूची -२

(नियम ५ को उपनियम (३) सँग सम्बन्धित)

**<u>निजी बिउ बिजन परीक्षण प्रयोगशाला स्थापना सञ्चालनको लागि दिइने अनुमितपत्रको ढाँचा</u>**

प्रदेश सरकार

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश बिउ बिजन समितिको सचिवालय वीरेन्द्रनगर, सुर्खेत

.....................................कार्यालय

**<u>अनुमितपत्र</u>**

फोटो

अनुमितपत्र नं.:

जारी मितिः

यस कार्यालयको मिति ......................को निर्णय अनुसार निम्न बमोजिमको विवरण भएको श्री ........................... लाई कर्णाली प्रदेश बिउ बिजन ऐन, २०८१ को दफा १० को उपदफा (२) बमोजिम निजी बिउ बिजन परीक्षण प्रयोगशाला स्थापना सञ्चालन गर्न अनुमितपत्र प्रदान गरिएको छ।

विवरणः

१. प्रोपाईटर/व्यवस्थापक/अध्यक्षको,-

नाम, थरः

स्थायी ठेगानाः

हालको ठेगानाः

मोबाइल/फोन नंः

इमेलः

२. व्यवसायी/सङ्घ/संस्था/कम्पनीको ठेगानाः..........................

प्रमुख

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

## अनुमतिपत्र नवीकरण विवरण

| नवीकरण मिति | म्याद सकिने मिति | नवीकरण गर्ने अधिकृतको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

**नोटः यो अनुमतिपत्र प्राप्त गरेको र नवीकरण गरेको हरेक एक बर्ष भुक्तान हुन आउने मितिको पन्द्र दिन अगावै नवीकरण गराउनु पर्नेछ।**

अनुसूची-३

(नियम ५ को उपनियम (४) सँग सम्बन्धित)

**निजी बिउ बिजन परीक्षण प्रयोगशालाको अनुमतिपत्र नवीकरणको लागि दिइने निवेदनको ढाँचा**

प्रदेश बिउ बिजन समितिको सचिवालय

विषय: **इजाजतपत्र नवीकरण सम्बन्धमा।**

कर्णाली प्रदेश बिउ बिजन ऐन, २०८१ को दफा १० को उपदफा ३ तथा नियमावलीको नियम ११ को उपनियम (१) बमोजिम स्थापित ........................................ प्रयोगशालाको नवीकरणको लागि आवश्यक कागजात तथा विवरण सहित यो निवेदन पेश गरेको छु/छौं।

संलग्न कागजातहरु:

१. टेक्निकल अडिट रिपोर्ट

२. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

संञ्चालकको नाम:...................................................................

स्थायी ठेगाना: .................................................................

नागरिकता नं./राष्ट्रिय परिचयपत्र नं. र जारी भएको जिल्लाः..............

शैक्षिक योग्यता: ..................................................................

सम्पर्क नः........................................................

प्रयोगशालाको ठेगाना: ........................................

सम्बन्धित प्रमाणपत्र नः .............. मितिः ..............

अनुमतिपत्र नं. .............. जारी मितिः..............

..........................................

निवेदकको दस्तखत

अनुसूची-४

(नियम १० को उपनियम (२) सँग सम्बन्धित)

## बिउ बिजनको बिक्री वितरण अनुमतिपत्रका लागि दिइने निवेदनको ढाँचा

श्री................................कार्यालय,

विषयः अनुमतिपत्र पाऊँ।

मेरो/हाम्रो निम्न विवरण भएको ले बिउ बिजन ऐन, २०४५, बिउ बिजन नियमावली, २०८१, कर्णाली प्रदेश बिउ बिजन ऐन, २०८१ र कर्णाली प्रदेश बिउ बिजन नियमावली, २०८३ को परिधिभित्र रही बिउ बिजन उत्पादन/व्यवसाय सञ्चालन गर्न इच्छुक भएकोले निम्न अनुसारको कागजात तथा पूर्वाधार विवरण समेत संलग्न राखी कर्णाली प्रदेश बिउ बिजन ऐन, २०८१ को दफा १४ को उपदफा (१) तथा कर्णाली प्रदेश बिउ बिजन नियमावली, २०८३ को नियम १० को उपनियम (२) बमोजिम अनुमतिपत्र पाऊँ भनी सोही नियमको उपनियम (३) बमोजिम यो निवेदन पेस गरिएको छ।

१. निवेदकको विवरणः

नाम, थरः

ठेगानाः

फोन नम्बरः

इमेलः

२. संस्थाको प्रकारः(√ चिन्ह लगाउनुहोस्)

समूह ☐ सहकारी ☐ कम्पनी/निजी फर्म ☐

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

३. व्यवसायको प्रकार(√ चिन्ह लगाउनुहोस्)

व्यक्तिगत ☐ साझेदारी ☐ निजी ☐ सरकारी ☐ बहुराष्ट्रिय ☐

४. आवेदकले गर्ने बिउ बिजनको काम(√ चिन्ह लगाउनुहोस्)

| | | | | | |
|---|---|---|---|---|---|
| उत्पादन | ☐ | बिक्री-वितरण | ☐ | प्रशोधन र प्याकेजिङ्ग | ☐ |
| आयातकर्ता | ☐ | निर्यातकर्ता | ☐ | अनुसन्धान र विकास | ☐ |

५.संस्थाबाट बिउ बिजन उत्पादन तथा व्यवस्थापन तालिम लिएको व्यक्ति

नाम,थरः

ठेगानाः

नागरिकता नम्बर, जारी मिति र जिल्लाः

तालिम प्रमाणपत्रको नं र जारी मितिः

तालिम प्रदान गर्ने निकायः

६. बिउ बिजन उत्पादन तथा व्यवस्थापन तालिम लिएको व्यक्तिको संस्थासँगको सम्बन्ध (√ चिन्ह लगाउनुहोस्):

प्रोपाइटर ☐ व्यवस्थापक ☐ संस्थाको कार्यकारी पद/सदस्य ☐ अन्य ☐

७.संस्थाको बिउ बिजन बिक्री वितरण गर्ने पसलको हालको ठेगानाः

वडाः......स्थानीय तहः.............जिल्लाः.............प्रदेशः.............

८. संस्थाको गोदाम रहेको स्थानः

वडाः......स्थानीय तहः.............जिल्लाः.............प्रदेशः.............

यदि गोदाम एक भन्दा बढी स्थानमा रहेमा विवरण पेश गर्नुहोस्।

वडाः......स्थानीय तहः.............जिल्लाः.............प्रदेशः.............

वडाः......स्थानीय तहः.............जिल्लाः.............प्रदेशः.............

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

९. यदि पसल तथा गोदाम भाडामा भए करार सम्झौताको प्रतिलिपि संलग्न गर्नुहोस्।

१०.बिउ बिजनको बिक्री वितरण सम्बन्धी कारोबार अनुमतिपत्रका लागि आवेदकले निवेदन

साथ पेश गर्ने अन्य आधारभूत विवरणहरू:

| क्र.स. | विवरणहरु | बिउ बिजन उत्पादक | बिउ बिजन व्यवसायी | कैफियत |
|---|---|---|---|---|
| १ | संस्था दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर | √ | √ | |
| २ | बिउ बिजन उत्पादनसँग सम्बन्धित पर्याप्त पूर्वाधार र उपकरणहरू | √ | | |
| ३ | बिउ उत्पादनका लागि आफ्नै स्वामित्वको जमिन वा लिजमा लिएको जमिन | √ | | लिजमा लिएकमो भए सम्झौताको प्रतिलिपि |
| ४ | बिउको प्रशोधन कारखाना नम्बर | √ | | |
| ५ | बिउ बिजनको भण्डारण वा गोदाममा भूँई र भित्ताबाट बिउलाई | √ | √ | |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | चिसो/तातोबाट बचाउन तापको कुचालक वस्तुको प्रयोग | | | |
| ६ | बिउ बिजनको भण्डारण वा गोदाममा प्रयाप्त प्रकाशको व्यवस्था | √ | √ | |
| ७ | बिउ बिजनको भन्डारण वा गोदममा भेन्टिलेशनको सुविधा | √ | √ | |
| ८ | बिक्री कक्ष र भण्डा√रण कक्षको पर्याप्त सरसफाई | √ | √ | |

दस्तखतः

नाम, थर

ठेगानाः

टेलिफोन/मोबाइल नम्बरः

मितिः

११. निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरू

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) बिउ बिजन उत्पादन तथा व्यवस्थापन तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,

(ग) तालिम लिएको व्यक्तिको संस्थासँगको सम्बन्ध खुल्ने कागजात,

(घ) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, कर्णाली प्रदेश

(ङ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(च) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(छ) पासपोर्ट साइजको दुई प्रति रङ्गिन फोटो,

(ज) संस्था/पसलको दुई प्रति रङ्गिन फोटो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

अनुसूची-५

(नियम १० को उपनियम (३) सँग सम्बन्धित)

## बिउ बिजन बिक्री वितरण सम्बन्धी कारोबारका लागि दिइने अनुमितपत्रको ढाँचा

प्रदेश सरकार

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश बिउ बिजन समितिको सचिवालय

वीरेन्द्रनगर, सुर्खेत

........................................कार्यालय

**अनुमितपत्र**

फोटो

अनुमितपत्र नं.:

जारी मितिः

यस कार्यालयको मिति .......................को निर्णय अनुसार निम्न बमोजिमको विवरण भएको श्री ................................ लाई बिउ बिजन नियमावली, २०८१ को नियम १६ को उपनियम (३) र कर्णाली प्रदेश बिउ बिजन नियमावली २०८३ को नियम १२ को उपनियम (३) बमोजिम बिउ बिजनको बिक्री वितरण सम्बन्धी कारोबार गर्न बिउ बिजन बिक्री वितरण अनुमितपत्र प्रदान

गरिएको छ।

विवरणः

१. प्रोपाईटर/व्यवस्थापक/अध्यक्षको,-

नाम, थरः

स्थायी ठेगानाः

हालको ठेगानाः



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

मोबाइल/फोन नंः

इमेलः

२. व्यवसायी/सङ्घ/संस्था/कम्पनीको ठेगानाः..............................

३. तालिमको विवरणः

(क) तालिम लिएको व्यक्तिको नाम थरः

(ख) तालिम लिएको व्यक्तिको नेपाली नागरिकता नम्बर तथा जारी भएको जिल्ला र मितिः

(ग) तालिम लिएको व्यक्तिको संस्थासँगको आवद्धता

(घ) तालिम प्रदान गर्ने निकायः

(ङ) तालिममा सहभागी भएको मितिः........देखि......सम्म (.....दिन)

(च) तालिम प्रमाणपत्र नम्बरः

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

अनुसूची-६

(नियम १६ को उपनियम (१) सँग सम्बन्धित)

**बिउ बिजन जफत गर्ने मुचुल्का**

विषयः मुचुल्का सम्बन्धमा।

....................ले बिउ बिजन बिक्री वितरण गरिरहेको स्थान (पसल/घर/गोदाम तथा अन्य संरचना लगायत) को निरीक्षणका दौरान बिउ बिजन व्यवसाय अनुमितपत्र नलिई बिउ बिजन बिक्री वितरण गरेको/कृषि अनुसन्धानको प्रयोजनको लागि बाहेक सूचित वा पञ्जीकृत नभएको/लेवल नलगाइएको बिउ बिजन बिक्री वितरण गरेको/ कर्णाली प्रदेश बिउ बिजन ऐन, २०८१ को दफा....../ कर्णाली प्रदेश बिउ बिजन नियमावली, २०८३ को नियम.........को प्रतिकूल हुने गरी कार्य गरेको पाईएको हुँदा बिउ बिजन हामी देहायका व्यक्तिको रोहवरमा कर्णाली प्रदेश बिउ बिजन ऐन, २०८१ को दफा २० र कर्णाली प्रदेश बिउ बिजन नियमबली, २०८३ को नियम १६ बमोजिम जफत गरिएको छ।

जफत गरिएको बिउ बिजनको किसिम, जात र परिमाणः

| क्र.स. | बाली | प्रकार | जात | लट नं वा सङ्केत | परिमाण (किलोग्राम | जफत गर्नु पर्ने कारण |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

रोहबर

श्री .................. दस्तखत ....................

श्री .................. दस्तखत ....................

श्री .................. दस्तखत ....................

बिउ बिजन निरक्षकको,-

दस्तखतः

नाम, थरः

मितिः

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

अनुसूची-७

(नियम १६ को उपनियम (३) सँग सम्बन्धित)

**<u>बिउ बिजन जफत सम्बन्धी सूचना</u>**

बिउ बिजन नियमावली, २०८१ को नियम २३ को उपनियम (३) बमोजिमको कार्य गर्दा तपाईंले बिउ बिजन व्यवसाय अनुमतिपत्र नलिई बिउ बिजन बिक्री वितरण गरेको/कृषि अनुसन्धानको प्रयोजनको लागि बाहेक सूचित वा पञ्जीकृत नभएको लेबल नलगाइएको बिउ बिजन विक्री वितरण गरेको बिउ बिजन ऐन, २०४५ ऐनको दफा........... बिउ बिजन नियमावली, २०८१ को नियम... ..को प्रतिकूल हुने गरी कार्य गरेको हामी देहाय बमोजिमका व्यक्तिको रोहबरमा देहाय बमोजिमका बिउ बिजन जफत गरिएको सूचना टाँस गरिएको छ।

जफत गरिएको बिउ बिजनको किसिम, जात र परिमाणः

| क्र.स. | बाली | प्रकार | जात | लट नं वा सङ्केत | परिमाण (किलोग्राम | जफत गर्नु पर्ने कारण |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

रोहबर

श्री .................. दस्तखत .....................

श्री .................. दस्तखत .....................

श्री .................. दस्तखत .....................

<u>बिउ बिजन निरक्षकको,-</u>

दस्तखतः

नाम, थरः

मितिः

अनुसूची-८

(नियम १६ को उपनियम (४) सँग सम्बन्धित)

**जफत गरिएको बिउ बिजन बुझाउदा गरिएको भरपाई**

बिउ बिजन नियमावली, २०८१ को नियम २३ को उपनियम (४) बमोजिमको कार्य गर्दा .......ले बिउ बिजन व्यवसाय अनुमतिपत्र नलिई बिउ बिजन बिक्री वितरण गरेको/कृषि अनुसन्धानको प्रयोजनको लागि बाहेक सूचित वा पञ्जीकृत नभएको/लेबल नलगाइएको बिउ बिजन बिक्री वितरण गरेको / बिउ बिजन ऐन, २०४५को दफा......./ बिउ बिजन नियमावली, २०८१ को नियम... ..प्रतिकूल हुने गरी कार्य गरेको पाईएकोले बिउ बिजन ऐन, २०४५ को दफा ११क./११ख./११ग./१३/......... तथा बिउ बिजन नियमावली, २०८१ को नियम.... ..उल्लङ्घन भएको हुँदा हामी देहायका व्यक्तिको रोहवरमा देहाय बमोजिमका बिउ बिजन जफत गरी जफत गरिएका बिउ बिजन बुझेको/बुझाएको व्यहोरा प्रमाणित गरिन्छ।

बुझाएको बिउ बिजनको किसिम, जात र परिमाणः

| क्र.स. | बिउ बिजनको किसिम | जात | लट नं वा सङ्केत | परिमाण (किलोग्राम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

रोहबरः

श्री .................. दस्तखत ....................

श्री .................. दस्तखत ....................

श्री .................. दस्तखत ....................



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

| बुझाउनेको,- | बुझिलिनेको,- |
| --- | --- |
| दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः |
| पदः | पदः |
| अनुमतिपत्र नं./ कार्यालय | अनुमतिपत्र नं/कार्यालयः |
| मितिः | मितिः |

निर्णय मितिः २०८३।०३।३१

**आज्ञाले,**
**संजिव कुमार कर्ण**
**प्रदेश सरकारको सचिव।**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश